स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



कसरी चर्चामा आउनुपर्छ भन्ने कुरा प्रियंका कार्कीलाई राम्रोसँग थाहा छ । उनी अभिनेत्री तथ मोडल मात्र होइनन्, सोसल मिडियाकी चर्चित "कन्टेन्ट क्रिएटर" पनि हुन् । उनी सोसल मिडियामा दैनिक फोटोहरू पोस्ट गरिरहेकी हुन्छिन् । घुमघाम, मोडलिङ, परिवार र अन्य कामका फोटो उनी हालिर हेकी हुन्छिन् । कहिलेकाहिँ अजीव लाग्ने फोटो पनि उनको टाइमलाइनमा देख्न सकिन्छ ।कसरी मानिसको ध्यान तान्ने यो काइदा उनलाई राम्रोसँग थाहा छ ।

आजको विचार...



मेघनाथ दाहाल

नयाँ ... (दुई पेजमा)



बलिउड अभिनेत्री सोनम कपुर र उनका पति आनन्द आहूजा पुनः आमाबुवा बनेका छन् । सोनमले आइतबार दोस्रो सन्तानको रुपमा छोरालाई जन्म दिएकी हुन् । सोनम र आनन्दले इन्स्टाग्राममार्फत पोस्ट गर्दै दोस्रो सन्तान जन्मिएको जानकारी दिएका हुन् । पोस्टमा लेखिएको छ, "अत्यन्त कृतज्ञता र मायाले भरिएका 'दयसहित हामी मार्च २९, २०२६ मा हाम्रो छोराको आगमन भएको घोषणा गर्न पाउँदा निकै खुशी छौं ।"

❐ वर्ष ३१ ❐ अंक २४३ ❐ २०८२ चैत १८ गते बुधबार 1 April 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# गुल्मीमा तोकिएको अवधिभन्दा पाँच महिना अगावै झोलुङ्गे पुल निर्माण

**रासस**

**गुल्मी,** चैत १७/जिल्लाको इस्मा गाउँपालिका-२ अन्तर्गत छल्दीटारी र पालुखा जोड्ने झोलुङ्गे पुल निर्धारित समयभन्दा पाँच महिनाअगावै निर्माण सम्पन्न भएको छ । सडक पूर्वाधार विकास कार्यालय तम्घासमार्फत निर्माण गरिएको एक सय ४६ मिटर लामो सस्पेन्सन (एनटाइप) पुलको निर्माण आस्था सम्झना जेभी अर्घाखाँचीले निर्माण समयअघि नै सम्पन्न गरेको हो ।

पुल निर्माणका लागि एक करोड ७१ लाख ८४ हजार ४ सय ६० बजेट विनियोजन गरिएको थियो । निर्माण व्यवसायीसँग २०८२ भदौ ३ गते सम्झौता भई २०८३ भदौ ३ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर निर्धारित समयभन्दा अगावै निर्माण सम्पन्न भएपछि स्थानीयवासीमा खुसी बनेका छन् । वर्षायाममा खोलामा बाढी



आउँदा स्थानीय बासिन्दा, विशेषगरी विद्यार्थी, बालबालिका, वृद्धवृद्धा तथा बिरामीलाई आवतजावतमा निकै सास्ती खेप्नुपर्ने बाध्यता थियो । यसअघि पुल अभावमा वर्षात्को समयमा कतिपय विद्यार्थी विद्यालय जानबाट वञ्चित हुने अवस्था रहेको स्थानीय यमबहादुर थापाले बताए । उनका अनुसार पुल नहुँदा खोला तर्न जोखिम मोल्नुपर्ने तथा लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो । अब पुल सञ्चालनमा आएपछि करिब आधा घण्टाको दूरी पाँच मिनेटमै छोटिने भएको छ । स्थानीय रामलाल घिमिरेका अनुसार पुल सञ्चालनमा आएपछि विद्यालय तथा स्वास्थ्य सेवा लिन जानका लागि सहज हुनुका साथै व्यापारिक क्षेत्रमा पनि चहलपहल बढ्ने छ । लामो समयदेखि त्यस क्षेत्रका बासिन्दाले राजनीतिक दलहरूसँग गरेको झोलुङ्गे पुलको माग ढिलै भए पनि पूरा गरिदिएको भन्दै स्थानीयवासीले खुसी व्यक्त गरेका छन् । उक्त पुलले वारिपारिका दुई बस्तीलाई जोड्ने मात्र नभई त्यस क्षेत्रका नागरिकको जीवनस्तर उकास्ने महत्त्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको छ ।

## संक्षिप्त समाचार

### मध्य इरानमा सैन्य स्थलमा आक्रमण

(रासस/एएफपी)

**तेहरान,** चैत १७ /मध्य इरानको इस्फहान प्रान्तमा केही सैन्य स्थलमा आक्रमण हुँदा प्रान्तको सुरक्षा संरचना र औद्योगिक पूर्वाधारमा क्षतिको संकेत देखिएको छ । प्रारम्भिक विवरण अनुसार आक्रमणले प्रान्तका प्रमुख सैन्य बेसहरूलाई लक्षित गरेको देखिन्छ, तर क्षतिको परिमाण र हताहतको विवरण अझै स्पष्ट भएको छैन । इस्फहान प्रान्त इरानको रक्षा उद्योगको मुख्य केन्द्र मानिन्छ र यसमा नातान्जसहितका प्रमुख आणविक सुविधाहरू रहेका छन् । गभर्नर कार्यालयका सुरक्षा अधिकारी अकबर सालेहीका अनुसार प्रारम्भिक अनुसन्धानले आक्रमण स्थलमा केही सैन्य साइटहरूलाई लक्षित गरिएको देखाएको छ । इरानी अधिकारीहरूले गत जुनमा इजरायलसँगको १२ दिने द्वन्द्व र हालको फेब्रुअरी २८ बाट सुरु भएको युद्धका क्रममा पनि प्रान्तका आणविक तथा रणनीतिक साइटहरू लक्षित भएको जानकारी दिए । इस्फहानमा बड एयरबेस, आठौं सेकरी एयरबेस र चौथो एयर फोर्स बेससहित धेरै महत्वपूर्ण सैन्य आधारहरू छन् । युद्ध र हड्तालका असरले इस्फहान युनिभर्सिटी अफ टेक्नोलोजीसहित नागरिक पूर्वाधारमा पनि क्षति पुगेको छ ।

## अवैध उत्खनन् गर्ने सवारीसाधन प्रहरी नियन्त्रणमा

**हाम्रा संवाददाता**

**भैरहवा,** चैत १७/ रुपन्देहीको शुद्धोधन गाउँपालिका-२ कलुवास्थित दानव नदीबाट अवैध रूपमा माटो उत्खनन तथा ओसारप्रसारमा संलग्न सवारी साधानलाई प्रहरीले नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरी टोलीले टिपर, जेसिबी र एक्साभेटर नियन्त्रणमा लिएको हो ।

नदीबाट अवैध रूपमा माटो उत्खनन तथा ओसारप्रसार गरिहेको अवस्थामा भे१क १३४४५ नम्बरको जेसिबी, लु२ख ४९९५ नम्बरको टिपर र ना१क ८०२६ नम्बरको एक्स्काभेटर नियन्त्रणमा लिइएको । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले जनाएको छ ।ती सवारीलाई आवश्यक कारबाहीका लागि शुद्धोधन गाउँपालिका कार्यालय पठाइएको छ । ति साधानलाई तीन लाख २० हजार जरिवाना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक जनकबहादुर शाहीले जानकारी दिए । जिल्लामा चोरी, तस्करी नियन्त्रणसँगै प्राकृतिक स्रोतको अवैध दोहनविरुद्ध पनि कडाइ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यहाँ पछिल्लो समय ढुंगाा, गिट्टी, बालुवा तथा माटोको अवैध उत्खनन गर्ने क्रमम बढ्दो छ । यहाँ बर्सेनि गरिने नदीजन्य पदार्थको उत्खननबाट नदी किनारमा रहेका स्थानीयको खेत कटानले बगरमा परिणत भएको र हुनेक्रम जारी छ, । पालिकाले नदीजन्य स्रोतको अवैध दोहन रोक्न नियमित अनुगमन तथा कारबाहीलाई तीव्र बनाइएको जनाए पनि रोकिएको छैन ।

## पाल्पा उवासंघका नवनिर्वाचित पदाधिकारीले गरे शपथ तथा पदभार ग्रहण

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत १७/पाल्पा उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुले शपथ तथा पदभार ग्रहण गरेका छन् । गत शनिवार तीन वर्षे कार्यकालका लागि भएको संघको निर्वाचनबाट निर्वाचित समिरमान सिंह नेतृत्वको कार्यसमितिले एक औपचारिक कार्यक्रमका बिच पदस्थापन तथा शपथ ग्रहण गरेको हो ।

निर्वाचन अधिकृत टंक प्रसाद पन्थले आधिकारिक नतिजा सुनाउदै नवनिर्वाचित अध्यक्ष समिरमान सिंहलाई सपथ खुवाए भने अध्यक्षले निवर्तमान अध्यक्षसहित नवनिर्वाचित सम्पूर्ण पदाधिकारी सदस्यलाई शपथ खुवाएका थिए । शपथ कार्यक्रमलाई लुम्बिनी प्रदेशका सांसद विरबहादुर रानाले सम्बोधन गरेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका रानाले यस अघि विभिन्न क्षेत्रमा विभिन्न भुमिकामा रहेर काम गरे पनि संघ भित्र आईसकेपछि पुरानो भुमिका



तथा राजनीति भन्दा माथी उठेर उद्योगी व्यवसायीहरुको हकहितमा मात्र ध्यान दिएर काम गर्न नवनिर्वाचित पदाधिकारीहरुलाई आग्रह गरे ।राष्ट्रिय स्वतन्त्र पार्टीका सह-सचिव दिलिप घिमिरेले पाल्पा उद्योग वणिज्य संघमा बढी राजनीति हुने गरेकाले आगामी दिनमा राजनीति भन्दा पनि उद्योगी व्यबसायीहरुको हकहितमा काम गर्न सुझाव दिए । तानसेन नगरपालिका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेनको विकासको लागि नवनिर्वाचित संघको टिमसँग समन्वय र सहकार्य गरेर काम गर्न नगरपालिका तयार रहेको बताए । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य मोहन प्रसाद श्रेष्ठ, पाल्पा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष हरि रायमाझी लगायतले संघले उद्योगी व्यापारीको मात्र हित नहेरी विभिन्न सामाजिक कामदेखी तानसेनको हरेक विकासमा सहयोग सहकार्य गर्दै आएको बताए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले जनप्रतिनिधि नहुँदा संघले पाल्पाको विकासमा जनप्रतिनिधिले जस्तै समन्वय सहकार्य गरेर काम गरेको ईतिहास पुन: कायम गर्ने गरी काम गर्न नयाँ नेतृत्वलाई आग्रह गरे । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष समिरमान सिंहले पाल्पाको पर्यटन विकास र प्रवर्द्धनलाई मुख्य एजेण्डा बनाएर काम गर्ने प्रतिवद्धता जनाए । संघका निवर्तमान अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षता, वाणिज्य उपाध्यक्ष रञ्जना थापा अर्यालको धन्यवाद ज्ञापन, संघका कार्यकारी निर्देशक शुसिल प्रधानको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## 'अप्रिल फूल' नझुक्किनु होला

**आज कतै तपाईहरुलाई कसैले झुक्काउँदै छ होला वा झुठो बोलेर दुःख दिदैं छ होला । ख्याल गर्नुहोस् आज अप्रिल फूल हो । अप्रिल महिनाको पहिलो दिन अर्थात अप्रिल फस्टमा मानिसहरुलाई झुटो बोल्ने र मुर्ख बनाउने चलन छ । नेपालमा मात्र नभइ संसारभरका मानिसहरूले अरुलाई फूल अर्थात् 'मूर्ख' बनाउँछन् । पहिले यो दिवस फ्रान्स र अन्य युरोपेली देशहरुमा मनाइने गरिए पनि बिस्तारै अन्य देशहरूले पनि यो दिवस मनाउन थाले । यो दिन एकअर्कासँग रमाइलो गरेर मनाइन्छ । सबैले एक अर्कालाई मूर्ख बनाउन बहाना खोज्छन् । यस दिन केही व्यक्तिहरूले फोनमा म्यासेज र ठट्टाहरू मार्फत बेवकूफ बनाउँछन् ।**

**हरेक देशमा आ-आफ्नो ढंगले यो दिवस मनाइए पनि हरेक व्यक्तिको उद्देश्य चाहिँ रमाइलो गर्नु नै हो । मानिस एक सामाजिक प्राणी हो । उसलाई विभिन्न मनोरञ्जनका कार्य आवश्यक पर्छ । यस्ता किसिमका दिवस या पर्वहरूले मानिसलाई आमोदप्रमोद प्राप्त गर्न मद्दत मिल्छ । यस्तै थुप्रै संसारभरिका विभिन्न जातजाति, धर्म, भेषभूषा, चलनचल्ती र भाषाभाषीहरूको आ-आफ्नो मौलिक संस्कृति पनि हो । यस्ता किसिमका परम्पराहरूलाई सम्बर्द्धन तथा जगेर्ना गर्नु सम्पूर्ण मानवहरूको परम कर्तव्य पनि हो । तर रमाइलोका नाममा कसैले दुख र सास्ती पाउनु राम्रो हैन । यस दिन नेपालसहित विश्वभरका मान्छेहरु एक अर्कालाई मुर्ख बनाउने र झुट बोल्ने, ठट्टा गर्ने गर्दछन् । यसबाट होसियार चाही रहनुपर्छ । यहाँ आजको दिन एकाबिहानैदेखि दिनभर नै कयौंलाई मुर्ख बनाएर हाँसो मज्जा गरी मनाइन्छ । यस दिवसको सन्दर्भमा साधारण हाँसो र ढाँट्ने क्रममा धेरैले असाधारण घटनाको सामना समेत गर्नुपरेका समाचार पनि सुन्नमा नआएको होइन । मज्जा गर्ने नाममा अरुलाई दुःख दिनु चाही राम्रो होइनन् । कुनै पनि संकृति पर्व र दिवस मनाउँदा त्यसको मौलिकताको अनुसरण गर्नुपर्छ । तर क्षणिक मनोरञ्जनका लागि कसैलाई आघात पर्ने गरी गर्नु किमार्थ उचित हुँदैन । कहिलेकाहीँ संवेदनशीलता ख्याल नगरी मजाक गर्दा कुनै अप्रिय घटनाहरु पनि घट्न सक्छन् । त्यसतर्फ भने ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

सत्रुले दिएको आसिर्बाद र आमाले दिएको श्राप कहिले लाग्दैन किनकी यी दुबै झुटो हुन् ।

*( अनिल थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Anil. thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ सरकारका प्रमुख आर्थिक चुनौती



## मेघनाथ दाहाल

रास्वपालाई आमनिर्वाचनले दिएको असीम उत्साहसहितको म्यान्डेट अनुसार सरकार बनाउने काम राजनीतिक विषय भए तापनि सरकारको पहिलो प्राथमिकता विशुद्ध आर्थिक विषय केन्द्रित हुनुपर्ने अवस्था नेपाली अर्थतन्त्रले निर्देशित गरिरहेको छ । आन्तरिक, बाह्य कारण भए पनि कतिपय अर्जेन्ट किसिमका छन् भने कतिपय समयानुसार सुधारको बाटोमा आफैं जाने देखिन्छन् । सरकारले राजनीतिक, प्रशासनिक, कूटनीतिक तहका कामलाई पनि साथसाथ लैजानुपर्दछ ।

मुलुकको आर्थिक, सामाजिक अवस्था बारेमा सचेत नागरिक जानकार भएको हालको अवस्थामा कसरी आर्थिक गतिविधिमा संलग्नहरूको मनोबलमा ढाडस दिनसकिन्छ भन्ने माग हुनुका साथ अघि बढ्न जरुरी छ । पश्चिमा जगत्का संस्थाहरूले पनि पत्याएका स्वर्णिम वाग्ले नयाँ अर्थमन्त्रीको रूपमा नियुक्त हुनुभएको छ । उहाँ वस्तुगत आर्थिक समस्या र सम्भाव्यताको बारेमा जानिफकार भएकाले मुलुकले निकास पाउनेमा आशावादी छौं । विसं २०४६ पछिको नेपालको राजनीतिक इतिहासमा यस किसिमको राजनीतिक विश्वास शायद कुनै दलले पाएका थिएनन् ।रास्वपाले नेपालीहरूको विश्वासलाई काममा बदलेर आर्थिक क्षेत्रमा युगान्तकारी परिवर्तन गर्न सफल नहुने हो भने पाँच वर्षपछिको आमनिर्वाचनमा जनताको साँठगाँठको नतिजा अर्कै किसिमको हुनेमा शंका छैन । नेपालको अर्थतन्त्रको हकमा विगत दुई दशकदेखिको निरन्तरको विप्रेषणको आगमनबाट बाह्य क्षेत्र धेरथोर सहज अवस्थामा देखिन्छ । बाँकी सबै क्षेत्रको अवस्था नराम्रै छ । सार्वजनिक क्षेत्रमा वित्तीय व्यवस्थापन सरकारको आम्दानीभन्दा खर्च धेरै भएकाले पेचिलो अवस्था छ । निजी क्षेत्रले विश्वास गुमाएको निकै वर्ष भइसकेको छ । माओवादी शान्तिपूर्ण राजनीतिमा आएसँगै मुलुकले आत्मसात गरेको समाजवादउन्मुख राष्ट्र भन्ने वाक्यांशका कारण धमिलिएको व्यावसायिक वातावरणमा कोभिडले निजीक्षेत्रलाई अझै कमजोर बनायो । सतही रूपमा व्यापार-व्यवसाय चलेकै जस्ता देखिन्छन् तर संलग्नहरूको पीडा चुलिँदो छ । यसको सहज उदारहण भनेको कालोसूचीमा जाने व्यक्ति तथा संस्थाहरूको संख्या तथा प्रतिआर्थिक वर्ष नजानिँदो हिसाबमा बढ्दो छ । निजी क्षेत्र उप्पादनमूलक गतिविधिको साटो व्यापारिक गतिविधिमा संलग्नता बढाएकै कारण रोजगार तथा स्रोतहरूको उपयोगमा बढोत्तरी आउन सकेको छैन । निरन्तर घट्ने क्रममा छ । बाह्य क्षेत्र पनि हाम्रो नियन्त्रणमा नहुने भएकाले 'आकाशे खेती' जस्तै हो । यस हिसाबमा मध्यपूर्वमा भड्किएको आगोले नेपाली अर्थतन्त्र र नेपालीहरूको जीवनलाई प्रत्यक्ष रूपमा प्रभावित गर्नसक्ने सम्भावनालाई नकार्न सकिँदैन । विप्रेषणको मुख्य हिस्सा यही क्षेत्रबाट भित्रने हो । **उत्पादनको क्षेत्रमा सुधार :** नेपाली अर्थतन्त्रमा अत्याधुनिक वस्तु उत्पादनको पूर्वाधारहरूको व्यवस्था छैन तर उपभोक्ता सेवाहरूका लागि आवश्यक धेरथोर बन्दोबस्त छ । नेपालको औद्योगिक क्षेत्रमा प्रवेश गरेको सन् १९३६ को विराटनगर जुट मिलको स्थापनापछि हो । यतिका वर्षमा जे जति स्रोतसाधन, बलबर्कतले भ्याएसम्म भएका व्यवस्थापन सही ढंगले गर्दै भोलिका दिनमा सम्भावना भएका धेरै वस्तु तथा सेवाहरूको उत्पादनमा नगइनहुने अवस्था छ । ४० हजार मेगावाटको व्यावसायिक नाफामुखी उत्पादनको क्षमता भएको मुलुक आजका दिनमा ३,६०० मेगावाटको उत्पादनमा मख्ख परेर काम गरिरहेको र साथमा वार्षिक साढे तीन खर्बको विविध पेट्रोलियम पदार्थहरूको आयातले अर्थतन्त्र धानिरहेको छ । कम्तीमा यी दुई क्षेत्रमा काम गर्न सकेमात्र नेपाली अर्थतन्त्रले सही बाटो समात्न सक्ने थियो । नेपालीलाई पुग्ने जतिमात्र खाद्यान्नलगायत कृषिजन्य उत्पादनमा आत्मनिर्भरको बाटोमा जानसके उपलब्धिको सुरुवात हुने थियो । कृषिक्षेत्रमा नेपालभित्रै उत्पादनको सम्भावना भएका उपजहरूको हकमा वार्षिक ३ खर्बभन्दा माथिको रकममा वस्तु आयात गरिरहेको छ ।

**सार्वजनिक वित्तमा चाप :** विगत लामो समयदेखि सार्वजनिक वित्तमा चापको अवस्था देखापरेको छ । राजस्व परिचालनमा आशातीत विस्तार हुन नसक्नु तर सरकारी साधारण खर्च अधिक बढेर जाँदा प्रत्येक सरकारलाई व्यवस्थापनमा कठिनाइ थियो, हाल यो अवस्था कायमै छ । विभिन्न निहुँमा भएको साधारण खर्चमा आकाशिँदो विस्तारले सार्वजनिक ऋणको मात्रा धेरै बढेर गएको छ । एकातिर लगानी तथा उत्पादनमा भएको कमी तथा पुँजीगत क्षेत्रमा विविध कारणले माथि जाननसकेको रकम सरकारलाई राजस्व परिचालनमा सास्ती बेहोर्नुपरेको छ । रास्वपाको नयाँ सरकारका लागि यो 'पहिलो गाँसमै ढुंगा' लाग्नेजस्तो भएर बसेको छ । सरकारी वित्तको चाप गर्न आन्तरिक व्यावसायिकतामा विस्तार पहिलो शर्त हो भने सरकारको अनावश्यक खर्च कटौती दोस्रो शर्त हो तर विडम्बना यी दुवै तत्काल कार्यान्वयनमा जान सकिने प्रकृतिका देखिँदैनन् । सार्वजनिक खर्चको कटौतीमा पहिलो शिकार नै करार सेवाका हजारौं कर्मचारी, शिक्षकलगायत राजनीतिक नियुक्ति, निर्वाचित पदाधिकारी छन् । नयाँ दल अझ सत्तामा नयाँ प्रवेश झट्ट यस्ता काममा हातहाल्दा सरकारको काममै समस्या पर्नसक्ने हुनसक्छ । सरकारले तुरुन्तै साधारण खर्चको कटौती गर्न व्यावहारिक रूपमा गाह्रो छ भने राजस्व परिचालनमा दयनीय अवस्था छ ।**ज्यालादरमा समयसापेक्ष सुधार :** नेपालमा भएका सेवाक्षेत्रहरू जस्तो यातायात, शिक्षा, स्वास्थ्य, मार्केटिङ, पर्यटन, व्यापार, बैंक, बीमा तथा वित्तीय क्षेत्रमा लगभग १६,१७ लाख कामदारहरूको सहभागिता देखिन्छ । नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिने संस्थाहरू कमै छन् । जबसम्म नेपालले आन्तरिक बजारमा सरकारले तोकेको न्यूनतम पारिश्रमिकको व्यवस्था गर्न सक्दैन तबसम्म बजारमा सहजताको पनि आभाष पाउन सकिँदैन । नेपालको निजी क्षेत्रको सबै उद्योग प्रतिष्ठान तथा संस्थाहरूमा श्रमिक बढी मारमा परेका छन् । यो सबै निकायको जानकारीको विषय भएर पनि काममा सुधार हुनसकेको छैन । यदि श्रमिकले नेपाल सरकारले तोकेको न्यूनतम पारितोषिक पाएको खण्डमा र दुवैले काम गरेर समान्य जीविका चलको खण्डमा हालको जस्तो युवाहरूको विदेशिने क्रम केही कम गर्न सकिन्छ । संस्थागत विद्यालयहरू, होटल, रेष्टुरेन्ट, पत्रकारिता, यातायातलगायत व्यापारिक, व्यावसायिक धेरै संस्थामा यसको सुधारको पहिलो आवश्यकता छ । त्यसैगरी महिला र पुरुषबीचको ज्याला दरमा केही हदसम्मको फरकपन पाइएको छ । समान बनाइनुपर्छ ।

यसका लागि पहिलो शर्त निजीक्षेत्रले सुरक्षालगायत स्थायित्वसहितको सरकारले यदि सहज वातावरण बनाउन सहयोग गरेमात्र सम्भव देखिन्छ । श्रम, कानुनको यथा सम्भव सहज एवं सटिक कार्यान्वयनको पक्ष छ । अनौपचारिक अर्थतन्त्रले ४२ प्रतिशतको हिस्सा ओगटेको नेपालमा यसको कार्यान्वयन सबैतिर हुनसके प्रभावकारी मागमा विस्तार आई अर्थतन्त्रले सही मार्ग समाउन सहज हुनेछ ।

**निजी क्षेत्रको परिचालन :** निजी क्षेत्रलाई विश्वासमा लिन र लगानीको वातावरण बनाउने काममा नयाँ सरकारले मिहिनेत गर्नुपर्ने देखिन्छ । एकातिर बजार अर्थनीतिले सही मानेमा काम गर्न सकिरहेको छैन भने साथमा भर्खरैमात्र निजीक्षेत्र तर्सिएको अवस्था छ । एकातिर लगानीको सुरक्षित वातावरण बनाउने कुरामा नयाँ बन्ने सरकारको काम निर्धारक हुन्छन् भने अर्कोतिर बजार वित्तीय सुविधा, प्रतिफल र लगानी विविधीकरणका लागि अहम् भूमिका रहने भएकाले निकै परिश्रम गर्नुपर्ने देखिन्छ । नेपालको हकमा खुला बजार, नीतिगत व्यवस्था। आठौं योजनादेखि लागू भए तापनि आजसम्म निजी क्षेत्र कम उत्पादनमा तर बढी लगानी व्यापारिक गतिविधिमा संलग्न भएको देखिन्छ । तर, यसले कूल गार्हस्थ उत्पादनको ८० प्रतिशत जतिको हिस्सा ओगटेको छ । जब यसको सही परिचालन तथा उपयोग गर्न सकिँदैन सरकारमात्रले केही काम गर्न सक्दैन । राजनीतिका हरेक आन्दोलनमा पहिलो टार्गेक निजी क्षेत्रको लगानी, उद्यमीहरूको नाफामाथि हुनेगरेको छ । यसले बजार तथा दक्षतामा नकारात्मकता ल्याउने, लगानीको वातावरण बिग्रँदै जानेछ। संस्थागत विद्यालयहरूदेखि जलविद्युत, पर्यटन, होटललगायत क्षेत्रहरूमा भएको प्रत्यक्ष(अप्रत्यक्ष त्रासको अवस्थाबाट जबसम्म निकास उद्यमीहरूले पाउँदैनन् तबसम्म यसको सहज विस्तार हुन सक्दैन ।

**स्रोत परिचालन :** नियमित भित्रिरहेको विप्रेषण, आन्तरिक वचतले वित्तीय क्षेत्रमा थुप्रिएको लगानीयोग्य रकम दिनानुदिन बढिरहेको छ । आजको दिनमा नेपाली समाजको गाउँको दूरदराजदेखि शहरबजारको प्रत्येक घरको कम्तीमा एकजना वैदेशिक रोजगारमा भएको तथ्यांकले देखाउँछ । मासिक औसतमा १४० अर्बको आँकडाको विप्रेषण भित्रिरहेको छ तर उत्पादनमुखी उपयोग हुनसकेको छैन । यसको ८० प्रतिशत जति हिस्सा आधारभूत वस्तु(सेवाको आयातमा खर्च भइरहेको छ, बाँकी आन्तरिक रूपमा परिचालन भएको छ । खुला बजार आर्थिक नीतिको पहिलो चरणका कामका कारण बैंक, वित्तीय क्षेत्र, शिक्षा, स्वास्थ्य, बीमा, आयात-निर्यातलगायत सम्भावना भएका उत्पादनका क्षेत्र खाद्यन्न, सिमेन्ट, अन्य निर्माण सामग्री, पर्यटनमा निजी क्षेत्रको प्रवेश उत्साहजनक भएको हो । यसले समग्र आर्थिक सातौं पन्चवर्षीय योजना र हालको अवस्थाको तुलनात्मक भिन्नताको बारेमा प्रष्ट रूपमा देख्न सकिन्छ ।

वित्तीय क्षेत्रको साथमा मानवीय तथा प्राकृतिक स्रोतसाधनको उपयोगमा नेपालमा समयानुकूल चल्न सकेको छैन । कूल जनसंख्याको ५६ प्रतिशत सक्रिय नेपालको हालको अर्थतन्त्र भारतीय श्रमिकहरूबाट चलिरहेको छ भने माग र आपूर्तिबीचमा सन्तुलन हुननसक्दा उद्यमी-श्रमिक दुवैपक्षमात्र पीडित नभएर समग्र अर्थतन्त्र नै बिरामी भएको छ । यसलाई सर्जिकल प्रक्रियाद्वारा ठीक गर्नुपर्नेछ । रास्वपाको निर्वाचनको समयमा दिएको १०० बुँदे रोडम्यापमा खर्बौंको पुँजीगत लगानीले मात्र १०० अर्ब डलरको अर्थतन्त्र, तीन हजार डरलको प्रतिव्यक्ति आम्दानीको नेपाल बन्न सम्भव छ । अन्त्यमा ठूलो आशा भरोसा र महत्वाकांक्षाका साथमा जनताले सत्तामा पठाएका रास्वपाले सुशासनको साथमा आर्थिक क्षेत्रमा आशा जगाउने काम गर्न नसकेको अवस्थामा सचेत मतदातता पर्ख र हेरको अवस्थामा रहेको रास्वपाले नबुझला भन्न सकिँदैन ।-***इहिमालय टाइम्स***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विद्यार्थीहरूलाई परीक्षामा सफलता मिल्नेछ।नोकरीमा पनि सफलता मिल्नेछ। | **तुला**:आर्थिक पक्ष सबल देखिनेछ। लगनशीलताले आँटेको लक्ष्य पूरा गर्न सकिनेछ। |
| **वृष** :पारिवारिक सद्भावमा कमी आउनेछ । जग्गा जमिनबाट लाभ होला । | **वृश्चिक** :नोकरी वा पेशा प्रभाव बढ्नेछ। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। |
| **मिथुन** : आयका नयाँ स्रोतहरू फेला पर्नेछन् । आत्मविश्वासमा वृद्धि हुनेछ । | **धनु** :धार्मिक कार्यक्रममा सहभागी भइएला। नयाँ अवसरहरु मिल्नेछ। |
| **कर्कट** : मान्यजनहरूको सहयोगले कार्य बन्नेछ । संचित धनमा वृद्धि हुनेछ। | **मकर** : बोलीले गर्दा बनेको काम बिग्रिन सक्छ। कुनै शुभ सूचना मिल्ने योग छ। |
| **सिंह** :दिन मनोरञ्जनपूर्ण रहनेछ। कार्यक्षेत्रमा नयाँ काम हात लाग्नेछ। | **कुम्भ** : जीवनसाथीबाट सहयोग मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **कन्या** : मनमा उत्साहको कमी रहनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोला। | **मीन** :लेनदेनका विषयमा सावधान रहनुहोला।साहसिक काम गर्न सकिन्छ। |

## कला मनोरञ्जन

# फिल्म 'नाक्छोङ' हङकङमा प्रदर्शन हुने



फिल्म 'नाक्छोङ' (विजुवा) हङकङमा प्रदर्शन हुने भएको छ । किरात राई समुदायको मौलिक संस्कृति र परम्परागत मूल्यमान्यतामा आधारित नेपाली फिल्म अप्रिल ५ मा हङकङमा प्रदर्शन हुने भएको हो । किरात राई यायोक्खा हङकङको मुख्य आयोजना र यस संस्थासँग आबद्ध ८ वटा भाषिक संस्थाहरूको सह-आयोजनामा फिल्म प्रदर्शनी हुन लागेको हो ।

आजको बदलिँदो परिस्थितिमा किराती युवापुस्ता आृनो सांस्कृतिक जराबाट विचलित हुँदै गएको यथार्थलाई फिल्मले मार्मिक रूपमा चित्रण गरेको छ। विशेषगरी किराती समुदायमा 'नाक्छोङ' (बिजुवा) को महत्व र यसको अभावले समुदायको रीतिरिवाज, कुलपितृ, विवाह र मरणशरणमा पार्ने प्रभावबारे सचेतना जगाउने उद्देश्य फिल्मले राखेको छ । शो जेडी मल, नाथम रोड, जोर्डन, हङकङमा आयोजना हुन लागेको निर्माता ज्योतिराज राईले बताए । फिल्मका निर्देशक किरण राई हुन् । जसले यसअघि 'लुङ्गा र 'जिउपंचौ' जस्ता फिल्महरू निर्देशन गरिसकेका छन् । फिल्मको लेखन पनि किरण राईकै रहेको छ । निर्माता ज्योतिराज राईका अनुसार फिल्म निर्माणको मुख्य उद्देश्य किराती परम्परा जोगाएर भावी पुस्तामा हस्तान्तरण गर्नु हो ।

फिल्ममा भुवन सिंह राई, यासेली योङ्हाङ, शुष्मा सुब्बा गुरुङ, हेम दिलुङ्छा राई , उदय शुब्बा कुरुङबाङ , सारा राई, ताया हाङ राई, अनुशा राई, सरोज राई, उत्तम राई लगायतका कलाकारहरूको सशक्त अभिनय छ । बाबु श्रेष्ठको छायांकन रहेको यस फिल्ममा राजन मुकारुङ र विष्णु किरातीका शब्द तथा दिनेशकाजी वान्तवा र अनिल कोई राईको संगीत छ। फिल्मका निर्माता ज्योतिराज राईले यसअघि 'त्रिवेणी', 'पापी मान्छे', 'वान वेङ जस्ता चर्चित फिल्म र टिभी सिरिजहरू निर्माण गरिसकेका छन् । हङकङ प्रदर्शनका लागि दिलिप राईलाई सल्लाहकार चयन गरिएको छ भने राम ली थुलुङ यो कार्यक्रम को संयोजक रहनु भएको छ भने गजेन्द्र राई , भुपाल चाम्लिङ, धिरज बान्तवा, दीपक केशर साम्पाङ , दिनेश थुलुङ , प्रकाश कोयी , लोकराज बायुङ , इमानशेर राई लगायतका कार्यसमितीका पदाधिकारीहरू सम्पर्क सूत्रका रूपमा रही कार्यक्रम सफल बनाउन लागी परिरहेका छन् । नेपालमा भने यसको सार्वजनिक प्रदर्शन मिति तय भएको छैन । सार्वजनिक प्रदर्शन अघि फिल्म विभिन्न अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा प्रदर्शन गरिने निर्माण पक्षले जनाएको छ। हङकङमा हुन लागेको यो प्रदर्शनीलाई किराती समुदायले आफ्नो पहिचान र संस्कृति संरक्षणको एउटा महत्वपूर्ण कडीका रूपमा लिएको छ ।-*रातोपाटी*

# 'पाँच पाण्डव'मा थपिए प्रशान्त ताम्राकार र इभा गिरी



फिल्म 'पाँच पाण्डव' को यतिबेला पूर्वी नेपालको झापामा धमाधम छायांकन भइरहेको छ । ठूलो लगानी र नाम चलेका कलाकारहरूको उपस्थितिका कारण यो फिल्म निर्माण घोषणादेखि चर्चामा छ ।

यसैबीच छायांकन सुरू भएको दुई सातापछि फिल्ममा दुई कलाकारहरू जोडिएका छन् । फिल्ममा भर्सटायल अभिनेता प्रशान्त ताम्राकार र चर्चित कन्टेन्ट क्रिएटर तथा मोडल इभा गिरीको प्रवेश भएको हो । छायांकनको १४ औं दिनमा उनीहरू सेटमा जोडिएसँगै फिल्मको क्यानभास अझ फराकिलो बनेको निर्देशक वसन्त निरौलाले बताए । काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको फिल्ममा चैत २ गते नेपाल-भारत सीमावर्ती सहर काँकडभिट्टाबाट शुभमुहूर्त गर्दै छायांकन थालिएको थियो। फिल्मको शीर्ष भूमिकामा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी र सागर लम्साल (बले) छन् ।

यी पाँच पात्रहरूलाई केन्द्रमा राखेर बुनिएको कथामा महिला मुख्य पात्रका रूपमा दीपाश्री निरौला र जनी गुरूङ देखिनेछन्।फिल्मको शीर्षक 'पाँच पाण्डव' भए पनि यो कुनै पौराणिक वा धार्मिक कथा नभई पूर्ण रूपमा 'सोसल ड्रामा' ( सामाजिक कथा) भएको लेखक सुशील पौडेलले स्पष्ट पारेका छन् । फिल्मले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्ने जनाइएको छ । प्रस्तुतकर्ता नवीन श्रेष्ठका अनुसार फिल्मलाई भव्य बनाउन बजेटमा कुनै पनि सम्झौता गरिएको छैन। 'हामीसँग हरिवंश दाइजस्ता दिग्गज कलाकारदेखि नयाँ पुस्ताका प्रिय कलाकारहरू हुनुहुन्छ। यो यस वर्षकै प्रतिक्षित फिल्म बन्नेमा हामी ढुक्क छौं,' श्रेष्ठले भने। नवीनले यसअघि गतवर्ष फिल्म 'लाज शरणम्' निर्माण गरेका थिए। फिल्मको निर्माण काली रानी श्रेष्ठले गरिरहेकी छिन्। ४० दिनको छायांकन तालिका तय गरिएको यस फिल्मको अधिकांश दृश्यहरू झापाका रमणीय र महत्वपूर्ण स्थानहरूमा खिचिनेछ। झापाको तालिका सकिएपछि टोलीले अन्य स्थानको लागि यात्रा तय गर्ने निर्देशक निरौलाले बताए ।कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको यो फिल्म श्याम तामाङले खिच्दैछन्। *-सेतोपाटी*

# दुर्गा खरेलमार्फत 'पलैँटी' मा गुञ्जियो विगतको दार्जिलिङ



गत शुक्रबार र शनिबार साँझ कालिकास्थानमा रहेको नेपालयको 'आर'शालामा दार्जिलिङका प्रसिद्ध गायक तथा संगीतकार दुर्गा खरेलको सांगीतिक कार्यक्रम 'पलैंटी' सम्पन्न भएको छ । यसपालीको पलैंटी दार्जिलिङका विस्मृत रचनाहरूलाई अभिलेखमा ल्याउने उदेश्यले गरेको कुरा आयोजकहरूले जानकारी गराएका थिए ।

१७ वर्ष पहिले पलैंटीमा आफ्नो पहिलो प्रस्तुति दिएका खरेलले गतवर्ष पनि नेपालयको 'आर'शाला गुञ्जायमान बनाएका थिए । विगतका कार्यक्रममा आृना सांगीतिक सहयात्री बद्री खरेल दाइका साथ प्रस्तुत हुने गरेका दुर्गा यसपालि भने पलैंटीकी कण्ठ शिल्पी अभिज्ञा घिमिरेका साथ प्रस्तुत भएका थिए ।यसपालिको कार्यक्रममा दार्जिलिङका बिर्सिएका गीतहरू प्रस्तुत भएका थिए । कार्यक्रममा प्रस्तुत गरिएका गीतहरूको छनोट दुर्गा खरेलले आृनो बाल्यकालको सम्झनाका आधारमा गरेका थिए ।कार्यक्रमको शुभारम्भ बद्री-दुर्गाकै लोकप्रिय गीत 'बोलाउँ भने तिमीलाई बात लाग्ने डर'बाट भएको थियो । त्यसपछि भने दार्जिलिङका अनेकौं पुराना स्रष्टाहरूको गीति पाना खोलिएको थियो । जुन पाना दुर्गा खरेलको मस्तिष्कमा जोगिएर रहेका सांगीतिक पाना थिए ।दुर्गाले आफ्नो सम्झनाको पाना पल्टाउँदा संगीतकार अम्बर गुरुङलाई अग्रस्थानमा राखेका थिए । अम्बर गुरुङका धुन सम्झने क्रममा सबैभन्दा पहिले उनले 'पहाड सुक्यो जस्तो लाग्छ' गीत प्रस्तुत गरे । गीत प्रस्तुतिका क्रममा दुर्गाले यो गीत धुनको कारणले मात्र होइन शब्दको कारणले पनि मौलिक लागेर आकर्षित भएको र मनमा रहिबसेको बताएका थिए । 'चौतारीमा बाटो खोज्दा खोज्दै मरेँ जस्तो लाग्छ, चौतारीको भूतको कथा मेरै मेरै जस्तो लाग्छ' । अम्बर गुरुङकै शब्दमा रहेको यो गीत गुरुङ दार्जिलिङमा हुँदा नै लोकप्रिय भएको थियो । गुरुङकै संगीत प्रस्तुत गर्ने क्रममा उनले अर्को रचना 'डाँडापारी हिउँ परेछ, डाँडावारी पानी' प्रस्तुत गरेका थिए । यो गीत अम्बर गुरुङका मीत गीतकार ईन्द्र थपलियाले लेखेको गीत थियो ।त्यसपछि दुर्गा खरेलले अम्बर गुरुङले दार्जिलिङमा हुँदै अरुणा लामासँग गाएको हो कि ? भन्ने धुमिल

**१७ वर्ष पहिले पलैँटीमा आफ्नो पहिलो प्रस्तुति दिएका खरेलले गतवर्ष पनि नेपालयको 'आर 'शाला गुञ्जायमान बनाएका थिए । विगतका कार्यक्रममा आफ्ना सांगीतिक सहयात्री बद्री खरेल दाइका साथ प्रस्तुत हुने गरेका दुर्गा यसपालि भने पलैँटीकी कण्ठ शिल्पी अभिज्ञा घिमिरेका साथ प्रस्तुत भएका थिए ।यसपालिको कार्यक्रममा दार्जिलिङका बिर्सिएका गीतहरू प्रस्तुत भएका थिए । कार्यक्रममा प्रस्तुत गरिएका गीतहरूको छनोट दुर्गा खरेलले आफ्नो बाल्यकालको सम्झनाका आधारमा गरेका थिए ।**

सम्झना गर्दै 'घामजुन पञ्च राखी बाचा मार' प्रस्तुत गरेका थिए । दुर्गाको सहगायनमा अभिज्ञा घिमिरेको साथ रहेको थियो ।त्यसपछि गोपाल योञ्जन आफ्नो संगीतको पहिलो गुरु रहेको स्मरण गर्दै दुर्गा खरेलले उनका दुईवटा गीतलाई प्रस्तुत गरेका थिए । 'लिई गला नदीको बालुवाको ओठ लिएर, पिउँछु मुहान सुराको बेहोस बेहोस भएर' दुर्गाको गलामा गुञ्जँदा गोपाल योञ्जनकै झझल्को सुनिन्थ्यो । जुन झझल्को 'प्रियसीको हत्केलामा कोरिएका रेखाहरू, हेर्दाहेर्दै बिर्सिएछु भन्नपर्ने कुराहरू' गुञ्जाउँदा पनि निरन्तर थियो ।पुराना सिर्जना सम्झने क्रममा संगीतकार शान्ति ठटालका सिर्जनालाई पनि समेटिएको थियो । दुर्गाले कुनै समय 'त्यो फेरि फर्कला'नाटकमा अभिनय गर्दै गन्धर्वको भूमिकामा आफैंले गाएको 'सुन सुन भला पञ्च म केही भन्छु' गीतको सम्झना गरेका थिए । भवानी भिक्षुको 'त्यो फेरि फर्कला' नाटकमा संगीतकार शान्ति ठटालले संगीत भरेकी थिइन् । ठटालकै सिर्जना सम्झँदै गर्दा अभिज्ञा घिमिरेले 'कुन जुनीको पाप मलाई आज लागेछ, निर्मोहीको मायाको व्यथा उर्लिरहन्छ' सुनाएकी थिइन् । गीतकार मेनुका प्रधानका शब्दलाई संगीतकार शान्ति ठटालले बिरनी शैलीमा धुन भरेको गीत थियो यो ।त्यसपछिको प्रस्तुतिमा ६० को दशकभन्दा अगाडि नै दार्जिलिङमा लोकप्रिय बनेका एमबी सुन्दासका गीतहरू परेका थिए । सुन्दासको 'स्वर्णिम सपनासाथ अंगाली तिमी निदायौ होली' आधुनिक शैलीमा आधारित गीत थियो भने 'फूल फुल्यो पहेंली ए साइली, याद आउँछ झलझली' लोक शैलीको गीत थियो।यसपालीको पलैंटीमा वाद्यवादनतर्फ दिनेशराज रेग्मी (किबोर्ड), पारसमणि सुवेदी र मिलेश तण्डुकार (रिदम सेक्सन) मिलन घिमिरे (बाँसुरी), कृपेश लोहनी (रिदम गिटार) र सुदीप खत्री (बेस गिटार) को सहभागिता थियो ।अंग्रेजी महिनाको अन्तिम शुक्रबार, शनिबार प्रस्तुत हुने पलैंटीमा आउँदो महिना दार्जिलिङका गायक पवन गोले संगीतकार रमेश गुरुङका साथ प्रस्तुत हुनेछन् । पवन गोलेको गीत 'हावासँगै बगुँ भन्छ' नेपाली संगीत जगतमा लामो समयदेखि लोकप्रिय रहँदै आएको छ । आगामी पलैंटीको टिकट बुकिङ खुली सकेको कुरा आयोजकले जानकारी गराएका छन् । पलैंटीको आधिकारिक वेभसाइटमार्फत टिकट बुकिङ गर्न सकिने जनाइएको छ ।*-अनलाइन खबर*

# बगनासकालीका एक सय ५३ योजना सम्पन्न




**कृष्ण पोखरेल**

**पाल्पा,** चैत १७/जिल्लाको बगनासकाली गाउँपालिकाले फागुन मसान्तसम्म एक सय ५३ योजना सम्पन्न गरेको छ । गाउँपालिकाले स्विकृत एक सय ७७ योजना मध्ये एक सय ५३ वटा योजना सम्पन्न गरेको हो ।

यो स्विकृत योजनाको ८६ दशमलव ४४ प्रतिशत हो । बाँकी योजनाहरु कार्यान्वयनको चरणमा रहेको सार्वजनिक कार्यक्रममार्फत पालिकाले जनाएको छ । सार्वजनिक सूनुवाईमा प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डेले मंसिरदेखी फागुन मसान्तसम्म ३६ दशमलव २७ प्रतिशत बजेट खर्च भएकोमा चालुतर्फ ४४ दशमलव ९४ र पुँजीगत तर्फ १७ दशमलव ७८ प्रतिशत बजेट खर्च भएको जानकारी दिए । यसैगरी गाउँपालिकाले हालसम्म एक सय ९ वटा ऐन, नियम र कार्यविधी निर्माण गरेको, पालिकाले एक करोड राजश्व संकलनको लक्ष्य लिएकोमा ८५ लाख ६० हजार संकलन गरिसकेको, ७४ जना दिर्घरोगीलाई मासिक ५ हजारका दरले पहिलो किस्ता रकम उपलब्ध गराएको, सबै स्वास्थ्य संस्थामा पर्याप्त औषधी खरिद गरी वितरण गरेको जनाएको छ । ४ महिनाको अवधिमा विद्यालयका सबै विद्यार्थीको दुर्घटना विमा गरेको, हालसम्म ४४८ अपाङ्गता परिचयपत्र वितरण भएको, ७० जनालाई श्रम स्विकृतीको लागि सहजीकरण गरिएको, एक सय जना भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीका व्यक्तिलाई निस्सा बाँडिएको, ९ हजार १ सय ३२ जना कृषकका ८१ हजार २ सय ८ पशुपक्षीमा उपचार सेवा प्रदान गरिएको, घर-घरमा पालेका गाईमा लम्की स्किन खोप लगाइएको, चालु आर्थिक बर्षमा १९३ जना जन्मदर्ता, ९८ जना मत्यु दर्ता, १३९ वटा विवाह, २१ वटा सम्वन्ध विच्छेद र बसाई सरी आएको ६ र सरी गएको ४५ परिवार रहेका छन् । कृषकहरुको लागि ५० प्रतिशत अनुदानमा विउ विजन वितरण गर्दै आएको बगनासकाली गाउँपालिकाले जनाएको छ । सार्वजनिक सुनुवाईमा नागरिकले गाउँ-गाउँका समस्यादेखी, शुसासन, पारदर्शीता जवाफदेहिता, जिम्मेवारीतामा केन्द्रित रहेर पालिकाका जनप्रतिनिधी, कर्मचारीहरुलाई प्रश्नहरु राखेका थिए । उनीहरुले गाउँ(गाउँमा बादर आंतकले बस्न खेतीपाती गर्न कठिनाई भएको, उत्पादनमा आधारित दुधको अनुदान नपाएको, अनुदानमा पटक-पटक एउटै व्यक्तिलाई मिनी टिलर पालिकाबाट अनुदानमा दिने, कतिपय व्यक्तिले विक्रि गर्ने, बजार अनुगमन नभएको, बाटो क्षेत्रका अतिक्रमण घरबस्ती हटाउने भनेर सूचना निकाल्ने तर कार्यान्वन नगर्ने, मौसम सिजनमा अनुदानको विउ विजन वितरण हुने गरेको, जनप्रतिनिधीहरु हुल बाधेर अनुगमनमा जानुभन्दा प्राविधिकले मात्र अनुगमन गर्नुपर्नेमा सुझाव दिएका छन् । उनीहरुले कर्मचारी तथा जनप्रतिनिधिहरुबाट जनतामैत्री व्यबहार नभएको, पालिकाका योजनाहरु गुणस्तरीय अनुगमन नभएको, पालिका भवन बनाउँदा र उद्घाटन गर्दाको खर्च विवरण वेभसाईटमै राख्नु पर्ने र जनताबिच सार्वजनिक हुनुपर्ने, राज्यमा बजेट कम भएकोमा जनप्रतिनिधी तथा कर्मचारीहरु विभिन्न स्थानमा हुने भ्रमणका कार्यक्रमहरु स्थगित गर्नुपर्ने, जनप्रतिनिधीहरुले पोशाक भत्ता फिर्ता गर्नुपर्ने, पालिका स्तरीय परीक्षमा तिनाउँ गाउँपालिकाका प्रश्न वितरण गरेको, पालिका भवन उद्घाटन गर्दाको खर्च विवरण सार्वजनिक नभएको, पालिकाको विद्यालयमा खानेपानीको व्यवस्था राम्रो नभएको, लगायतका विषयमा प्रश्न उठाए । उठेका प्रश्नहरुको जवाफ दिँदै गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी दर्लामीले जनताले उठाएका गुनसा, सुझावहरुलाई कार्यान्वयन गर्ने र जनप्रतिनिधी कर्मचारीहरुलाई थप जिम्मेवारी बनाएको बताईन । कार्यक्रममा पालिका उपाध्यक्ष हरि प्रसाद पाठक, प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डे, वडा नं. ५ का वडा अध्यक्ष ओमप्रकाश गैरे, वडा नं. ९ का वडा अध्यक्ष ठानेश्वर तिमिल्सीना, शिक्षा शाखा प्रमुख निशा पाण्डे, कृषि प्राविधिक खिमराज कोईरालाले उठेका प्रश्नहरुको जवाफ दिएका थिए । पालिका अध्यक्ष चिदीको अध्यक्षता, बगनासकाली पत्रकार समुहका अध्यक्ष भोजराज तिमिल्सेना र सचिव दयाराज न्यौपानेको सहजीकरणमा कार्यक्रम भएको थियो ।

# आज 'अप्रिल फूल', किन मनाईन्छ ?

**पाल्पा,** चैत १७/ अंग्रेजी पात्रो अनुसार आज एप्रिल १ तारिख । आज संसारभरका व्यक्तिले एक अर्कालाई मूर्ख बनाउँने र झुट बोल्ने गर्छन् । यो दिन झुक्याउँदा वा झुट बोल्दा कोही कसैसँग पनि रिसाउँदैनन् । तर, नयाँ वर्ष परिवर्तन भएकै कारण त्यसैमा आधारित रहेर मनाउँने गरिएका केही भनाइहरु प्रचलनमा छन् ।




यस दिनलाई विश्वका कयौँ देशमा 'अप्रिल फूल' को रुपमा मनाउने गरिन्छ । नेपालीमा 'मूर्ख दिवस' भन्ने गरिएको छ । आफ्ना साथीसंगी, छिमेकी तथा परिवारका सदस्यसँग ठट्टा गर्ने, उनीहरुलाई हुँदै नभएको कुरा सुनाएर मनोरञ्जन गर्ने तथा दु:ख दिएर मूर्ख बनाउनेलगायतका गतिविधि गरेर अप्रिल फूल अर्थात मूर्ख दिवस मनाउने गरिन्छ । सबैले एकअर्कालाई मूर्ख बनाएर यो दिन रमाइलो गर्छन् । अप्रिल फूल किन, कहिले र कसरी मनाउन थालियो भन्ने विश्वासिला कारणहरु भेटिँदैनन् । प्राय: मानिसको धारणा मुर्ख दिवसको जन्मस्थान फ्रान्स हो भन्ने छ । फ्रान्सको राजा चार्ल्स नवौँले सन् १५८२ देखि अप्रिल महिनाको पहिलो तारिखलाई अप्रिल फूल अर्थात एकले अर्कोलाई मूर्ख बन्ने र बनाउने कार्यको थालनी गरेका थिए ।त्यतिबेला ग्रेगोरियन क्यालेण्डर अनुसार नयाँ वर्ष मार्च २५ तारिखका दिनदेखि अप्रिल १ सम्म नयाँ वर्षको रुपमा मनाउने गरिन्थ्यो । तर, जसले जनवरी १ मा नयाँ वर्ष मनाउन थाले । उनीहरूले अप्रिल १ मा नयाँ वर्ष मनाउनेहरूलाई मूर्ख बनाउन थाले । त्यसपछि अप्रिल १ का दिन झुक्काउने दिनको रुपमा मानिन्छ । यो दिनमा मानिसलाई झुक्याउँदा हाँसो ठठ्टा को रुपमा रमाइलो हुने गर्दछ । नेपालमा पनि अप्रिल फूल मनाउने प्रचलन छ ।यो दिन एकअर्कालाई हानी नपुग्नेगरी रमाइलोका लागि एक छिनलाई मूर्ख बनाएर मनाइन्छ ।

## खेलकुद समाचार

# कोशीलाई हराउँदै पुलिस शीर्ष स्थानमा



**काठमाडौं,** चैत १७/ प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई ६ विकेटले हराएको छ । कोशीले दिएको १६३ रनको लक्ष्य पुलिसले ३३ ओभर ५ बलमा ४ विकेट गुमाएर भेटायो । पुलिसका कप्तान आरिफ शेखले नटआउट ८१, रशिद खानले नटआउट ७३ रन बनाए । पुलिसले ११ रन बनाउँदा ४ विकेट गुमाएको अवस्थामा पाँचौं विकेटका लागि आरिफ र रशिदले नटआउट १५४ रनको साझेदारी गरे । कोशीको विपिन महतोले २, दिपेश कँडेलले १ विकेट लिए । यसअघि वीरगञ्जमा टस हारेर ब्याटिङ गरेको कोशीले ४२ ओभर ५ बलमा १६२ रन बनाउँदा सबै विकेट गुमायो । कोशीका कप्तान सुजन थपलियाले ४८, सुमन श्रेष्ठले ४३ रन बनाए । पुलिसका दिनेश खरेलले ५ तथा ललित राजवंशी र सागर ढकालले २/२ विकेट लिए । यो जीतसँगै पुलिसका ५ खेलमा ७ अंकसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । कोशी ५ खेलमा १ अंकसहित पुछारमा छ । नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा भइरहेको प्रतियोगितामा ७ वटा प्रदेश र ३ वटा विभागीय टोलीको सहभागिता छ। खेलहरू काठमाडौंको मूलपानी मैदान तथा मधेश प्रदेशको वीरगञ्ज र जनकपुरमाभइरहेका छन् ।प्रतियोगिताको उपाधि विजेताले १० लाख तथा उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

**वर्गिकृत डिस्प्ले**


१X५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकको सुधार



**पाल्पा,** चैत १७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ । मंगलबार नेप्से १९ दशमलव ७० अंकले बढेर दुई हजार ८५१ दशमलव ०९ को विन्दुमा कायम भएको हो ।

३३९ कम्पनीको दुई करोड ७९ लाख ४२ हजार ७७९ कित्ता शेयर एक लाख ३७ हजार ८५७ पटक खरिद( बिक्री हुँदा ११ अर्ब ११ करोड २४ लाख १८ हजार ८०६ रुपैयाँ बराबरको कारोबार भएको छ । आजको कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव ०९ र अन्य समूह शून्य दशमलव ५५ अंकले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । बैकिंङ शून्य दशमलव ७६, विकास बैंक शून्य दशमलव ९०, वित्त एक दशमलव १२, होटल तथा पर्यटन एक, जलविद्युत् शून्य दशमलव ७५ र लगानी समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ ।

त्यस्तै, जीवन बिमा शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन एक दशमलव ९४, लघुवित्त शून्य दशमलव ५१, निर्जीवन बिमा शून्य दशमलव ७६ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले बढेको छ । कारोबारमा रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड, रिजलाइन इनर्जी लिमिटेड र होटल फरेस्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव ९६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै रिदी पावर कम्पनी लिमिटेडको ४८ करोड ४८ लाख ४६ हजार ४३३ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने आज सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको १५ लाख ६० हजार ६१ कित्ता शेयर खरिद-बिक्री भएको छ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई